नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग

०१-६६३९४१६, ६६३८९०४, ५९१६४३५
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :- ०८१/०८२
चलानी नं. :- ५०१

मिति: २०८१।११।२७

विषय: सेल्फ अप्राइजल फारम भर्ने सम्बन्धमा ।

श्री सबै विश्वविद्यालय, प्रतिष्ठान तथा कलेजहरू।

प्रस्तुत विषयमा शैक्षिक सत्र २०८२/०८३ मा स्नातक (UG) तथा DM/MCh तहमा चिकित्सा शिक्षाका विभिन्न विधाका कार्यक्रम सञ्चालन गर्ने विश्वविद्यालयका आङ्गिक तथा सम्बन्धन प्राप्त कलेजहरू, प्रतिष्ठानहरूले आयोगको वेभसाइटमा रहेको सेल्फ अप्राइजल (Self Appraisal) अनलाइन (Online) फाराम **मिति २०८१।११।२८ गते देखि मिति २०८१।१२।१४ गतेसम्म** भर्नुहुन सूचित गरिन्छ ।साथै Self Appraisal फारम पेश गर्ने क्रममा शिक्षण संस्था अनुगमन शुल्क (वार्षिक) वापत देहाय बमोजिमको रकम हिमालयन बैंकमा रहेको आयोगको खाता नं. ०४३०८९३१६७००१७ मा जम्मा गर्नुहुन र देहायको प्रक्रिया अवलम्बन गर्नुहुन निर्देशानुसार अनुरोध छ।

तपसिल:

१) स्नातक तह (UG) तर्फको अनुगमन शुल्क (वार्षिक):
- मेडिकल (MBBS) रु २,००,०००।- (दुई लाख)
- डेन्टल (BDS) रु २,००,०००।- (दुई लाख)
- नर्सिङ (B.sc Nursing) रु १,००,०००।- (एक लाख)
- नर्सिङ (BNS) रु १,००,०००।- (एक लाख)
- मिडवाइफ्री (Bachelor of midwifery Science) रु १,००,०००।- (एक लाख)
- मिडवाइफ्री (B.Sc midwifery) रु १,००,०००।- (एक लाख)
- अन्य कार्यक्रमको हकमा प्रति कार्यक्रम रु ५०,०००।- (पचास हजार)

२) DM/MCh तह तर्फको अनुगमन शुल्क (वार्षिक):
DM/MCh को रु २,००,०००।– (दुई लाख)

(रुद्रप्रसाद रेग्मी)
उपसचिव

नोट:

१. आयोगको वेभसाइट www.mec.gov.np मा रहेको विद्युतीय सेवा पोर्टलभित्र Self Appraisal लिङ्क रहेको छ । सोही लिङ्कमा क्लिक गरी आफ्नो संस्थाको पुरानै User ID र password प्रयोग गरी login गर्ने । तत्पश्चात तहाँ माग



क्रमशः

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
पत्र संख्या :-
चलानी नं. :-
०१-६६३९४१६, ६६३८९०४, ५९१६४३५
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np
सानोठिमी, भक्तपुर ।

भए बमोजिम आफ्नो संस्थाको यथार्थ विवरण भर्नुहुन । सो क्रममा गत वर्ष भरेको विवरणलाई समेत अध्यावधिक गर्नुहुन।

२. विगतमा कतिपय शिक्षण संस्थाले Self Appraisal को पूर्ण विवरण नभर्ने, सिट दावीको पत्र लेखेर अपलोड गर्ने गरेको देखिएकोले त्यसको पुनरावृत्ति नगरी Self Appraisal Form मा भएका सबै विवरण भर्नुहुन ।

३. अनुगमन शुल्क बुझाउँदा कार्यक्रमगत रुपमा हुनुपर्ने सबै शुल्क एकमुष्ठ रुपमा एउटै भौचरबाट बुझाउनु पर्नेछ र उक्त भौचरको सक्कल प्रति स्क्यान गरी अपलोड गर्नुपर्ने छ ।

४. Self Appraisal फाराम नभरेका र तोकिए बमोजिमको शुल्क नबुझाएका शिक्षण संस्थाको अनुगमन गरिने छैन र सिट निर्धारण पनि हुने छैन ।

५. स्नातक तथा DM/MCh तहको कार्यक्रम सञ्चालन गर्न सीट दावी गरिएका सबै कार्यक्रम/विषय सञ्चालनका लागि विश्वविद्यालयको सहमतिपत्र अनिवार्य रुपमा Approved Letter भनेको स्थानमा अपलोड गर्नुपर्ने छ । सम्बन्धित विश्वविद्यालयको सहमति नरहेका विषयमा सिट निर्धारण हुने छैन।

६. फ्याकल्टीको विवरण भर्दा सबै फ्याकल्टीको पूर्ण विवरण भर्नुपर्ने छ । विश्वविद्यालयबाट पद प्रमाणीकरण भएको पत्र, विषयगत काउन्सिलको दर्ता नं र नियुक्तिपत्र अनिवार्य रुपमा अपलोड गर्नुपर्ने छ । विदेशी फ्याकल्टीको हकमा अनिवार्य रुपमा सम्बन्धित काउन्सिलको दर्ता नवीकरण भएको प्रमाणपत्र अपलोड गर्नुपर्ने छ ।

७. Self Appraisal भर्नुपूर्व MEMIS सफ्टवेयरमा भर्नुपर्ने सम्पूर्ण विवरण भरी अध्यावधिक गर्नुपर्ने छ ।

(उपसचिव)